किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
२०७३

प.सं. २०७७/०७८ | बागमती प्रदेश, नेपाल

च.न. | मितिः- २०७८/०१/२६

## किस्पाङ गाउँपालिकाको अत्यन्त जरुरी सूचना

कोभिड-१९ भाइरसको दोस्रो भेरियन्ट हाल नेपालभर फैलिरहेको र यस गाउँपालिका क्षेत्रभित्र पनि दोस्रो भेरियन्ट देखा परिसकेको छ । यस सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषदबाट भएका निर्णय, जिल्ला प्रशसान कार्यालय नुवाकोटबाट जारी निषेधाज्ञा एवं यस गाउँपालिकाको निर्णय बमोजिम देहाय बमोजिम हुने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

–किस्पाङ गाउँपालिका र अन्तर्गतका कार्यालयबाट प्रदान हुने अत्यावश्यक बाहेकका अन्य सेवा मिति २०७८/०१/२६ गते देखि अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने ।

–वडास्तरीय कोरोना रोकथाम समूह (CPG) ले वडास्तरमा सचेतनामुलक प्रचारप्रसारका गतिविधि, स्वास्थ्य मापदण्डको पालना गराउने, खाद्यान्न आपुर्ति व्यवस्थापन सहज बनाउने लगायतका कार्य गर्ने ।

–कोभिड १९ सँग सम्बन्धित लक्षण देखिएमा सम्बन्धित वडाको स्वास्थ्य चौकी, वडा कार्यालय र गाउँपालिकामा तुरुन्त सम्पर्क गर्ने ।

–किस्पाङ गाउँपालिका र अन्तर्गतका सम्पुर्ण कर्मचारीहरु आफ्नो कार्यक्षेत्रमा उपस्थित भइ कोरोना रोकथाम, नियन्त्रण र व्यवस्थापनका कार्यमा सहयोग गर्ने साथै अत्यावश्यक र अन्य आन्तरिक कार्य नियमित रुपमा गर्ने ।

२०७८/१/२६

(खुस बहादुर घर्ती)
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner